# Palpa Cement Industries Ltd.

तानसेन सिमेन्ट

च.नं:PCIL/२०८३/०८४/००००४

मितिः २०८३/०४/२६

श्री नेपाल धितोपत्र बोर्ड,
सुपरीवक्षेण विभाग,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं।

श्री अभौतिकरण तथा निक्षेप महाशाखा
मितिः २०८३/४/२८

श्री सिडिएस एण्ड क्लियरिंग लिमिटेड,
पुतलीसडक, काठमाडौं।

सिडिएस एण्ड क्लियरिङ्ग लि.
दर्ता नं : १३०६
मिति : २०८३/४/२८

**विषयः सामूहिक लगानी कोषहरुलाई बाँडफाँड भएको साधारण शेयरको लक-ईन अवधि समाप्ती सम्बन्धी जानकारी।**

महाशय,

उपरोक्त सम्बन्धमा पाल्पा सिमेन्ट ईन्डस्ट्रिज लिमिटेडको जारी पूँजी रु. ३,७५,००,००,००० (अक्षरेपी तीन अर्ब पचहत्तर करोड) को २०% अर्थात् रु. ७५,००,००,००० (अक्षरेपी पचहत्तर करोड मात्र) रकम बराबरको रु. १०० अंकित दरको ७५,००,००० (पचहत्तर लाख) कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये उद्योग प्रभावित क्षेत्र पश्चिम नवलपरासी (साविकको नवलपरासी जिल्ला) र खानी रहेको क्षेत्र पाल्पा जिल्लाका स्थानिय बासिन्दाहरुलाई जारी पूँजीको ५% अर्थात १८,७५,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँकी १५% अर्थात ५६,२५,००० कित्ता साधारण शेयरको १०% अर्थात ५,६२,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि, ५% अर्थात २,८१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ४६ बमोजिम सामूहिक लगानी कोषहरुको लागि छुट्टयाई बाँडफाँड गरि बाँकी शेयर सर्वसाधारणलाई मिति २०८२/११/२९ गते बाँडफाँड गरिएको व्यहोरा तहांलाई अवगत नै छ।

सोही सन्दर्भमा नेपाल धितोपत्र बोर्डको मिति २०८०/०२/२० को मत्र संख्या २०८०/०८१ च.नं. ११७५ को निर्देशन अनुसार यस कम्पनीले सामूहिक लगानी कोष योजनाहरुलाई बाँडफाँड गरिएको साधारण शेयर सर्वसाधारणलाई सार्वननिक निष्काशन गरी ब्रांडफांड भएको मितिले ६ महिनासम्म लक-ईन राख्नुपर्ने व्यवस्था भएवमोजिम लक-ईन राखिएको र उक्त शेयरहरुको मिति २०८३/०५/२८ गते लक-ईन अवधि समाप्त हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

साथै, लक-इन अवधि समाप्त हुने सम्बन्धि सूचना सम्पूर्ण लगानीकर्ता तथा सरोकारवालाहरुलाई जानकारीको लागी मिति २०८३/०४/२७ गते "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित गरिने सूचनाको नमूना समेत यसै पत्र साथ पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

भवदीय,

.........................
राजेश कुमार अग्रवाल
पाल्पा सिमेन्ट ईन्डस्ट्रिज लिमिटेड

PALPA CEMENT INDUSTRIES LTD.

बोधार्थः
श्री नविल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड, नक्साल, काठमाडौं।

# पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड
# Palpa Cement Industries Limited

रजिष्टर्ड कार्यालय : सिशहानी ०७ सुनुवल, नवलपरासी, नेपाल

उद्योग रहेको स्थान : सुनुवल, आदर्श ७, नवलपरासी

इमेल : info@rmcnepal.com, वेबसाइट : www.tamsencement.com


को

## सामूहिक लगानी कोषहरुलाई बाँडफाँड भएको साधारण शेयरको लक-ईन अवधि समाप्ती सम्बन्धी सूचना

यस पाल्पा सिमेन्ट ईन्डस्ट्रिज लिमिटेडको जारी पूँजी रु. ३,७५,००,००,००० (अक्षरुपी तीन अर्ब पचहत्तर करोड) को २०% अर्थात् रु. ७५,००,००,००० रकम बराबरको रु. १०० अंकित दरको ७५,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये उधोग प्रभावित क्षेत्र र खानी रहेको क्षेत्रका स्थानिय बासिन्दाहरुलाई जारी पूँजीको ५% अर्थात १८,७५,००० कित्ता साधारण शेयर बाँडफाँड गरी बाँकी १५% अर्थात ५६,२५,००० कित्ता साधारण शेयर को ५% अर्थात २,८१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोषहरुलाई बाँडफाँड भएकोमा नेपाल धितोपत्र बोर्डबाट मिति २०८०/०७/२५ मा निर्देशन जारी भए बमोजिम बाँडफाँड गरिएको मितिले ६ (छ) महिना सम्ममा लक-ईन राख्नुपर्ने व्यवस्था बमोजिम लक-ईन मा राखिएको २,८१,२५० कित्ता शेयर मिति २०८३/०५/२८ गते पश्चात् लक-ईन अवधि समाप्त हुने व्यहोरा सम्पूर्ण लगानीकर्ता तथा सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शेयर रजिष्ट्रार


**NABIL® INVESTMENT BANKING LTD.**

(A Subsidiary of Nabil Bank Ltd.)

नारायणचौर, नक्साल, काठमाण्डौ । फोनः ४५११६०४/४५११७३३

Email: info@nabilinvest.com.np I URL: www.nabilinvest.com.np